हालै राष्ट्रिय गहुवाली अनुसन्धान कार्यक्रम भैरहवाबाट प्राप्त जानकारी अनुसार प्रदेश ५को प्युठान जिल्ला प्युठान नगरपालिका वडा न ८, ९ ,१० क्षेत्रमा खेति गरीएका अधिकाश गहुँका जातहरु WK1204, Bijaya Sworgadwari, Gautam Nl171 आदिमा पहेलो सिन्दुरे रोग देखा परेको छ । गत वर्ष अवरोधक देखिएका जातहरुमा पनि यसवर्ष रोग देखिनाले यस जिवाणुको नयाँ प्रजातीको आक्रमण भएको हुन सक्छ राष्ट्रिय वालि रोग विज्ञान अनुसन्धान केन्द्र नार्कसङ्गको सहकार्यमा सन्चालित CIMMYT अन्तरगत परीयोजनाको ARRCC (Asian Regional Resilience to Changing Climate ) कार्यक्रमको UK Met र Cambridge University को जानकारी अनुसार ति ठाँउमा देखिएको सिन्दुरे रोगको जिवाणु पुर्वतिर हुदै गण्डकी र लुम्विनी प्रदेशका तराई एवम् मध्य पहाडी भुभाग लगाएत बाग्मति प्रदेशको पहाडी जिल्लाहरुमा फैलने प्रवल सम्भावना छ । यी स्थानहरु लगाएत प्रदेश १ र २ को पश्चिम तराई तथा मध्य पहाडको भुभागमा पनि फैलने सम्भावना देखिन्छ । फाल्गुनको अन्तसम्म पहाडी तथा अन्य स्थानहरुमा वर्षात हुने सम्भावना भएको हुँदा आउदो केहि समयसम्म यस रोग विभिन्न स्थानहरुमा फैलनका लागि अनुकुल वातावरण देखिएकाले यदि रोग फैलिएमा यसपालीको गहुँवालीमा बढि नोक्सान गरी उत्पादनमा क्षती पुर्याउन सक्दछ तसर्थ यो रोगको लक्षण गहुँवालीमा देखिने बित्तिकै रोगको जिवाणु बढ्न (Spore multiplication) रोक लगाई अन्य स्थानमा फैलन नदिन समयमै यस जिवाणु विरुद प्रभावकारि विषादि Propiconazole (Tilt) ०.७५ मि.लि. प्रति लिटर वा यो बिषाधी उपलब्ध नभएमा वैकल्पिक रुपमा Metalxy युक्त विषादि १.५ ग्राम प्रति लिटर पानीका दरले छर्न आवश्यक देखिन्छ । यदि रोगको प्रकोप नघटेमा १० दिनको फरकमा फेरी एक पटक आवश्यकता अनुसार विषादि छर्न सकिन्छ ।

युसैगरी पुर्व देखि पश्चिमका १४४ स्थानमा सर्वेक्षण गरीएको अध्ययनमा गहुँका जातहरु विजय, गौतम, वि एल ४३४१, एन एल ९७१ लगाएत अन्य जातहरुमा खैरो सिन्दुरे रोग पनि देखिएको छ ति मध्य कर्णाली र लुम्विनी प्रदेशमा यो रोग व्यापक देखिएको छ । खैरो सिन्दुरे रोग पनि पुर्व तथा दक्षिण पुर्व हुदै प्रदेश २ र ५ का तराई र प्रदेश ३ र ४ को मध्य पहाडमा फैलन सम्भावना छ । यो रोग सहन नसक्ने जातमा झन बढि आक्रमण गर्दछ । खैरो रोग सिन्दुरे रोगलाइ पनि माथि उल्लेखित विषादि प्रभावकारी छ ।